# रोक्का जग्गा फुकुवा सम्वन्धी
# निर्देशिका

१. <u>पृष्ठभूमी:-</u>

सहकारी ऐन, २०४८ प्रारम्भ हुनु पूर्व दर्ता भई संचालनमा आएका कृषि वहुमुखी सहकारी संस्थाले अफ्नो सदस्यहरुलाइृ ऋण प्रदान गर्दा सुरक्ष्ँण वापत जग्गा धितो लिने र त्यस्तो धितो जग्गा सम्बन्धीत संस्थाको अनुरोधमा सम्वन्धित सहकारी कार्यालयको सिफारिशमा सम्वन्धित मालपोत कार्यालयहरुबाट रोक्का राख्ने गरिएको पाइन्छ। पुराना सहकारी संस्थाहरु मध्ये कतिपय निष्कृय वा पूर्ण रुपमा बन्द भई त्यसका समितिका पदाधिकारी तथा कर्मचारीहरु को हुन र कहा छन सो समेत एकीन हुन सकेको छैन र तिनका कार्यालयको पनि कतै कुनै चिन्ह देखिदैन। सहकारी ऐन, ०४८ बमोजिम दर्ता भई संचालनमा आएका बचत तथा ऋण सहकारी संस्थाहरुले पनि जग्गा धितो राखी आफ्ना सदस्यहरु तथा सर्वसाधारण समेत लाई ऋण लगानी गरेको देखिन्छ। ऋण लगानी गर्दा संस्था आफै वा डिभिजन सहकारी कार्यालयको सिफारिस पत्रको आधारमा ऋणीको जग्गा धितोको रुपमा सम्बन्धित मालपोत कार्यालयमा रोक्का राखिएको छ । यस्ता बचत तथा ऋण सहकारी संस्थाहरु मध्ये केही संस्थाका समितिका पदाधिकारीहरु संस्था, सदस्य तथा सर्वसाधारणको बचत निक्षेप लिई/रकम हिनामिना गरी फरार भएकोले संस्था बन्द हुन पुगेका छन् । यी मध्ये कतिपय संस्थाका संचालक समितिका पदाधिकारीहरुको विरुद्ध अदालती कारवाही पनि भई रहेको छ भने कतिपयको हकमा कारवाही अगाडी बढन सकेको छैन ।

सम्बन्धित संसथाका ऋणी सदस्यहरु मध्ये कतिपयले आफूले उक्त संस्थाको ऋण पूर्ण रुपमा चुक्ता गरी सकेको तर रोक्का फुकुवा सम्वन्धी लेखापढी गर्न मात्र बांकी रहेको, कतिपयले आंशिक रुपमा ऋण र सो मा लागेको व्याज भुक्तानी गरि सकेको र बांकी रकम भुक्तानी गर्न चाहेकोले उक्त रकम ऋण र सोमा लागेको व्याज भुक्तानी गरि सकेको र बाँकी रकम भुक्तानी गर्न चाहेकोले उक्त रकम भुक्तानी गरी धितोवापत रोक्का रहेका जग्गा फुकुवाको शिफारिस गरी दिनका लागि विभिन्न जिल्लाका डिभिजन सहकारी कार्यालयहरूमा निवेदन पर्न आएका छन् ।

२. संस्थाहरूको रेकर्डको अवस्थ/स्थिति:

सहकारी ऐन, ०४८ प्रारम्भ हुनु पुर्व र प्रारम्भ प्रश्चात संचालनमा आएका संस्थाहरूको रेकर्डको स्थिति देहाय बमोजिम रहेको पाइन्छ:

(क) सहकारी ऐन ०४८ पुर्व दर्ता भई संचालनमा आएका संस्थाहरूको

  १. निष्कृय वा बन्द भएका कतिपय संस्थाका केही कागजातहरू सम्बन्धित डिभिजन सहकारी कार्यालय वा सम्बन्धित संस्थाको अध्यक्ष वा व्यवस्थापक वा सम्बन्धित

गाउँ विकास समितिमा रहेको ।

२. कतिपय संस्थाको कुनै पनि अस्तित्व नरहेको र कागजातहरूको पनि कुनै रेकर्ड नरहेको ।

(ख) सहकारी ऐन, ०४८ बमोजिम दर्ता भई संचालनमा आएका संस्थाको

१. संस्थाको कुनै पदाधिकारी अध्यक्ष वा सचिव वा व्यवस्थापकसंग केही रेकर्ड रहेको ।

२. सम्बन्धित संस्था वहालमा बसेको रहेछ भने सो घरधनीकोमा केही रेकर्ड रहेको ।

३. कतिपय संस्थाका कतिपय कागजातहरू कारवाहीको क्रममा प्रशासनिक निकाय तथा अदालतमा रहेको,

४. कतिपय संस्थाको कागजातहरू कसको जिम्मामा कहा छन् सो समेत एकीन गर्न नसकिने अवस्थामा रहेका ।

रोक्का जग्गा फुकुवा सम्बन्धी कार्यविधि

संस्था वा संस्थाका पदाधिकारी तथा व्यवस्थापक कर्मचारी फेला नपरेको वा निजहरूको लापर्वाही वा वदनियतका कारणबाट ऋणीले हैरानी व्यहोर्नु परेको छ । आफुले लिएको ऋण भुक्तान गरि दायित्वबाट छुटकारा लिन्छु भन्दा पनि सम्बन्धित व्यक्तिले छुटकारा नपाउनु र बाँधिनु अनुचित हुन जान्छ । साथै वार्षिक व्याजको बोझ पनि थपिई सम्बन्धित व्यक्तिलाई मर्का पर्न गई रहेको छ ।

संस्था वा त्यसका संचालकहरूको गल्तीको सजाय ऋणी सदस्यले पाउनु क्रिमार्थ न्याय संगत होइन । अत: विभिन्न कारणले बन्द वा निष्कृय भई संस्थाको कारोवार संचालनमा नआएको वा सम्बन्धित संस्थाका जिम्मेवार पदाधिकारी फरार रहेका वा सम्पर्कमा नभएका संस्थाका ऋणीहरूको सम्बन्धमा देहायको कार्यविधि अपनाई ऋण असूली र धितो वापत रोक्का रहेका फुकुवा सम्बन्धी कारवाही अघि बढाउनु पर्छ

१. ऋणी सदस्यले आफुले ऋण लिएको संस्था जुन सहकारी कार्यालयको प्रादेशिक अधिकार क्षेत्र भित्र रहेको छ सोही डिभिजन सहकारी कार्यालयमा आफुले संग भएका सम्पुर्ण प्रमाण कागजात सहित निवेदन दिने ।

२. खण्ड (१) बमोजिम डिभिजन सहकारी कार्यालय समक्ष आएको निवेदन उपर कारवाही गर्दा सम्बन्धित ऋणी सदस्यले पेश गरेको प्रमाण कागजातहरूको अध्ययन गरी सम्बन्धित ऋणीसंग सम्बन्धित रेकर्ड कार्यालयमा भए सो को आधारमा र नभए सम्बन्धित संस्थाको कागजात कहा को संग छ सो पत्ता लगाउने र सो को आधारमा ऋणीले लिएको ऋण रकम र सोमा लाग्ने व्याज साथै ऋणीले समय समयमा कुनै रकम बुझाएको छ छैन बुझाएको भए सो समेत एकीन गर्ने ।

३. सम्बन्धित संस्थाको कुनै रेकर्ड कहि कतैबाट फेला पार्न नसकिएमा ऋणीले पेश गरेको प्रमाणलाई नै आधार मानी हिसाब एकीन गर्ने ।

४. हिसाब एकीन गर्दा ऋणीले संस्थासंग ऋण लिदा कुनै निश्चित प्रतिशत व्याज तिर्ने गरी ऋण लिएको कागजात फेला परेमा सो बमोजिम र सो फेला नपरेमा सयकडा १० प्रतिशतको व्याज दर निर्धारण गर्ने ।

५. सम्बन्धित ऋणीले संस्थालाई तिर्नुपर्ने ऋणकौ साँवा र व्याज रकम एकीन भए

पछि सम्बन्धित ऋणीको निवेदनमा उल्लेखित व्यहोरालाई संक्षेपमा उल्लेख गरी सम्बन्धित संस्था वा संस्थाका जिम्मेवार पदाधिकारीलाई आफ्नो प्रमाण सहित रकम दावी गर्न आउने गरी रू. १०,०००/- (दशहजार) सम्मको रकम भए स्थानीय स्तरको र सो भन्दा माथीको रकम भए राष्ट्रिय स्तरको पत्रपत्रिकामा सार्वजनिक सूचना प्रकाशित गर्ने ।

६. खण्ड (५) बमोजिम सम्बन्धित संस्थाको जिम्मेवार पदाधिकारीले प्रमाण सहित माग दावी गरेमा सो बमोजिम र दावी गर्न नआएमा कार्यालय वा अन्य निकायमा रेकर्ड भए सो रेकर्ड बमोजिम र रेकर्ड नभएमा निवेदकसंग रहेका प्रमाणका आधारमा हिसाव एकीन गर्ने र सोसंग सम्बन्धित कामकारवाहीको विवरणको सुरक्षित साथ रेकर्ड राख्ने । यसरी हिसाब एकीन गर्दा पुराना सहकारी संस्थाको हकमा २०४८ सम्मको आ.ब. को अडिटको आधारमा र अन्यको हकमा उपलब्ध भए सम्मको अन्तिम लेखापरिक्षण समेतलाई आधार मान्नु पर्ने ।

७. खण्ड (६) बमोजिम हिसाब एकीन गरी ऋणीले तिर्नुपर्ने ऋणको सावा व्याज रकम धरौटी खातामा (Non-operating Account) व्यहोरा खुलाई जम्मा गरि दिने।

८. भविष्यमा कानून बमोजिम कुनै व्यहोराले ऋणीले जम्मा गरेको धरौटी रकम भन्दा बढी रकम सम्बन्धित संस्थालाई तिर्नु बुझाउनु पर्ने देखिन आएमा निजले तिर्ने बुझाउने गरी ऋणीसंग कवुलियतनामा गराउने र रोक्का जग्गा फुकुवाको लागि सम्बन्धित मालपोत कार्यालयमा पत्राचार गरिदिने ।

९. भविष्यमा संस्थाबाट प्रमाण सहित रकम फिर्ताका लागि माग भई आएमा वा संस्थाको लिक्वीडेशनको रकम कारवाही हुदाको बखत लिक्वीडेटरबाट माग भएको अवस्थामा सम्बन्धित संस्था वा व्यक्तिलाई उक्त धरौटी खाताबाट उक्त रकम फिर्ता दिने र सो को रेकर्ड राख्ने ।

४. निवेदकले रोक्का फुकुवाको लागि पेश गर्नुपर्ने कागजात :

निवेदकले आफ्नो नाममा रहेको जग्गा फुकुवा गर्न निम्न मध्ये सबै वा जुन जुन छन् कागजात निवेदन साथ पेश गर्नुपर्ने छः

१. ऋणी सदस्यले सम्बन्धित संस्थालाई समय समय भुक्तानी गरेको रकम सम्बन्धी कागजात जस्तैः रसीद, भर्पाइ आदि,
२. ऋणको कूल रकम खुल्ने कागजात र व्याज दर उल्लेख भएको लिखत भए सो लिखत
३. हर्जाना वा विलम्ब शुल्क दरको लिखत,
४. कुनै निकायको शिफारिशमा उक्त धितो जग्गा मालपोतमा रोक्का राखिएको भए सो निकायको रोक्काको लागि लेखिएको पत्रको प्रतिलिपी,
५. कृषि विकास बैंकमा धितो राखेको भए सो को प्रमाण,
६. संस्थाका कागजात गाउँ विकास समिति वा अन्य कुनै निकाय वा जिल्ला सहकारी संघमा भए तत् तत् निकायको रेकर्डबाट देखिए बमोजिम तत् तत् निकायको शिफारिस पत्र ।